**बैठक नं. २३**

**मितिः- २०७४/१२/०४**

आज मिति २०७४ साल चैत ०४ गते आइतबार अपरान्ह ३-०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. २ स्थित कीर्तिपुर अस्पताल (PHECT) को सभाकक्ष, कीर्तिपुरमा वसी देहाय बमोजिमको उपस्थिति भयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती खड्का | |
| ३ | सदस्य सचिव | श्री निरन्जन श्रेष्ठ | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बाँनीया | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, ब.ई. | श्री बालकृष्ण महर्जन | |
| २४ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईँ | |

**छलफलका विषयहरुः-**

१. <u>वडाबाट एकीकृत सम्पत्ती कर तथा आयलेखा सञ्चालन सम्वन्धमा</u>

२. <u>विविध</u>

<u>निर्णय :-</u>

१.)आगामी २०७५ साल साउन १ गते देखि नगरपालिकाले , स्थानीय सरकार संचालन ऐनको दफा ५५ को उपदफा (१) बमोजिम एकीकृत सम्पति कर लगाउनु पर्ने स्पष्ट व्यवस्था भएकोले चालु आ.व.२०७४/०७५ मा यस नगरपालिकामा संकलन गरिरहेको घरजग्गा कर तथा आगामी आ.व.२०७५/०७६ देखि सो एकिकृत सम्पति कर तथा आयलेखा समेत वडा कार्यालयहरुबाटै असुल गर्नका लागि सम्बन्धित कर्मचारीहरुलाई ३ दिने अभिमुखीकरण कार्यक्रम (२०७४/११/२४,२५ र २६ गते) समेत सम्पन्न गरिसकेकोले सो का लागि आवश्यक पर्ने प्रत्येक वडाका लागि डेस्कटप कम्पुटर -१, डट मेट्रिक्स प्रिन्टर-१, कोब्रा फाइल-२,००० थान तथा मसलन्द (stationery) सामान खरिदका लागि प्रति वडा रु. १,२५,०००|- (रु.एक लाख पच्चीस हजार मात्र) का दरले चालु आ.व.२०७४/०७५ को स्वीकृत बजेटको पूजीगततर्फ संस्थागत विकास कार्यक्रम अन्तर्गत एकिकृत सम्पति कर तथा आयलेखा सफ्टवेयर खरिद, संचालन तथा व्यवस्थापन शीर्षकबाट  र फाइलिंग गर्नका लागि ५ खण्डे स्टिल क्याविनेट प्रति वडा ३ थानका लागि प्रति वडा रु.१,००,०००|- (रु.एक लाख मात्र) का दरले हुने रकम पूजीगततर्फ भौतिक पूर्वाधार विकास अन्तर्गत वडा कार्यलयहरुमा फर्निचर तथा फर्निसिंङ शिर्षकबाट निकासा दिने र सम्बन्धित वडा कार्यलयहरुबाटै प्रचलित सार्वजनिक खरिद ऐन / नियमानुसार खरिद गरी कार्यान्वयन गर्ने निर्णय गरियो |

२.) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ को उपदफा (३) अनुसार नगरपालिकाको पूर्व स्वीकृति नलिई भवनका लागि जग्गाको खण्डीकरण वा प्लटिंङ गर्न पाइने छैन भनी स्पष्ट उल्लेख भएको र सो सम्बन्धि सार्वजनिक सूचना समेत जारि गरिसकेको सन्दर्भमा यस नगरक्षेत्रको भू —उपयोग नीति ( LANDUSE POLICY), वस्ती विकास , शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड

२०७२ को परिधिभित्र रही तयारी गर्ने क्रममा रहेकोले सो तयार भै अर्को व्यवस्था नभएसम्मका लागि यस नगरक्षेत्रमा जग्गा खण्डीकरण वा प्लटिंङ गर्ने (भवन निर्माण कार्य) कार्यलाई पूर्णरुपमा बन्देज लगाउने निर्णय गरियो ।

३.) मिति २०७४/०३/२८ मा सम्पन्न यस नगरपालिकाको प्रथम नगरसभा को निर्णय नं.५ अनुसार यस नगरपालिकामा रहेका हाल सम्म पनि घर निर्माण गर्न नसकेका भूकम्पपिडितहरुलाई घर निर्माणका लागि आवेदन दिएमा घरनक्शापास गर्दा लाग्ने दस्तुरमा चालु आ.व.२०७४/०७५ मा ९०% छुट दिने निर्णय भएकोमा केहि आवेदकहरुले पहिले सो छुट लिई पुनः तल्ला थपमा समेत छुट माग दावी गरेको सन्दर्भमा छलफल हुदाँ एकपल्ट सो छुट सुविधा लिइसकेका नगरवासीहरुलाई पुनः छुट सुविधा नदिने निर्णय गरियो ।

४.) यस न.पा. वडा नं.४ को प.सं ०७४/०७५ च.नं.१७६४ मिति २०७४/१२/०४ को सार्वजनिक जग्गा उपलब्ध गराइदिन भएको सिफारिस र वडा समितिको मिति २०७४/१०/२३ को बैठकको निर्णय समेतका आधारमा उक्त वडा कार्यालय वरपरको क्षेत्रमा करिव २-०-०-० (२ रोपनी) जग्गा नेपाल रेडक्रस सोसाईटी काठमाडौं जिल्ला शाखाका लागि उद्धार तथा विपद् व्यवस्थापन र तद्सम्बन्धि तालिम लगाएतका सरसामान भण्डारण गर्ने भवन, कम्पाउण्ड निर्माणका लागि उपलब्ध गराउन सिफारिस गर्ने निर्णय गरियो ।

**बैठक नं. २२**

**मितिः- २०७४/११/१४**

आज मिति २०७४ साल फागुन १४ गते सोमबार अपरान्ह ३-०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. २ स्थित कीर्तिपुर अस्पताल (PHECT) को सभाकक्ष, कीर्तिपुरमा वसी देहाय बमोजिमको उपस्थिति भयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती खड्का | |
| ३ | सदस्य सचिव | श्री निरन्जन श्रेष्ठ | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बाँनीया | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, ब.ई. | श्री बालकृष्ण महर्जन | |
| २४ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईँ | |

**छलफलका विषयहरुः-**

१. वडा स्वयंसेवी सम्वन्धमा ।

२. विविध

**<u>निर्णयहरु</u>**

१. यस नगरपालिकाको दोस्रो नगर सभावाट पारित वडा स्वयंसेवी कार्यक्रम अन्तरगत तत्काल अर्को व्यवस्था नभएसम्मका लागि विगतमा सामाजिक परिचालक पदमा कार्यरत कर्मचारीहरु मध्येबाट वडा समितिको निर्णयानुसार छनौट गरिएका प्रति वडा १ जनाका दरले १० जना स्वयंसेवीहरु र नगर कार्यपालिकाको कार्यालयमा नगर प्रमुखको निर्णयानुसार छनौट भएका २ (दुई) जना स्वयंसेवीहरुलाई प्रतिव्यक्ति खाजा र परिवहन वापत मासिक रु. ९,५००/- (रु. नौ हजार पाँच सय मात्र) सुविधा उपलब्ध गराई कामकाज गराउने निर्णय गरियो ।

२. नेपाल बुद्धिजीबी परिषद्द्वारा पेश गरेको यस नगरपालिकाका जन प्रतिनिधिहरुलाई **<u>स्थानीय तहको शासन सञ्चालन तथा व्यवस्थापन सम्वन्धि</u>** २(दुई) दिने आवासिय तालिम/ कार्यशाला कार्यक्रमको रु. ४७६,०००/- ( रु.चार लाख छैहत्तर हजार मात्र )को प्रस्ताव स्वीकृत गर्ने र सो कार्यक्रम कार्यान्वयनका लागि सम्झौता तथा आवश्यक व्यवस्थापन गर्न नगर प्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो ।

३. यस नगर क्षेत्रमा फोहोरमैला व्यवस्थापनका लागि पेश हुन आएका प्रस्तावकर्ताहरुसँग सम्झौता गरि कार्यान्वयनका लागि तद्सम्वन्धि आवश्यक व्यवस्था गर्न **<u>"स्वास्थ्य, फोहोरमैला, वन तथा वातावरण समिति</u>"**लाई जिम्मेवारी दिने निर्णय गरियो ।

**बैठक नं. २१**

**मितिः- २०७४/१०/२८**

**निर्णयहरुः-**

१. यहि २०७४ साल माघ २९गते सोमबार बिहान ७-३० बजे वडा नं. स्थित कृष्ण क्याटरिङको सभाहलमा आयोजना गरिएको यस नगरपालिकाको दोस्रो नगर सभाको देहाय बमोजिमको कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

   कार्यक्रमः-

   - नगर सभा सदस्यहरुको उपस्थिति/नामदर्ता
   - आसन ग्रहणः- नगर सभा अध्यक्ष श्री रमेश महर्जन
   - आसन ग्रहणः- नगर उप-प्रमुख सहित सम्पुर्ण नगर सभा सदस्यज्यूहरु तथा सदस्य सचिव
   - शहिदहरु प्रति १ मिनेट मौनधारण
   - राष्ट्रियगान (उपस्थित सबै उठ्नुपर्ने)
   - नगर सभा अध्यक्षबाट पानसमा बत्ति बालेर सभाको उदघाटन
   - स्वागत मन्तव्य उप-प्रमुख श्री सरस्वती खड्का
   - वडा अध्यक्षहरुवाट क्रमशः प्रगति विवरण प्रस्तुत
   - विभिन्न समितिका संयोजकवाट प्रगति प्रतिवेदन प्रस्तुत
   - नगर सभा अध्यक्षवाट चालू आ.व. २०७४/०७५ को आयव्यय,योजना तथा कार्यक्रमहरुको प्रगति प्रतिवेदन प्रस्तुत
   - प्रगति प्रतिवेदन उपर नगर सभा सदस्यहरुवाट आ-आफ्नो धारणा राख्ने
   - नगर कार्यपालिकाबाट पारित विधेयकहरु स्वीकृतिका लागि उप-प्रमुख द्वारा प्रस्ताव पेश
   - विधेयकमाथि नगर सभा सदस्यहरुवाट आ-आफ्नो धारणा राख्ने
   - विधेयक स्वीकृत(संशोधन भए संशोधन सहित)
   - सामान्य प्रशासन समिति मार्फत प्रस्तावित कर्मचारी दरवन्दी सम्वन्धी विवरण प्रस्तुत
   - प्रस्ताव माथि नगर सभा सदस्यहरुवाट आ-आफ्नो धारणा राख्ने
   - महत्वपुर्ण अन्य प्रस्ताव उपर छलफल तथा नगर सभा सदस्यहरुबाट आ-आफ्नो धारणा राख्ने ।

- सम्पुर्ण प्रस्तावित विषयहरु नगर सभा सदस्यहरुबाट अनुमोदन, स्वीकृति पश्चात लिखित निर्णयमा सहिछाप
- नगर सभा अध्यक्षबाट सभाको समापन भएको घोषणा गर्ने ।

२. यस नगरपालिकाको न्यायिक समितिको कामकारवाहीहरुलाई थप व्यवस्थित र प्रभावकारी वनाउनका लागि **"कीर्तिपुर नगरपालिका न्यायिक समिति (कार्यविधि सम्वन्धि) विधेयक, २०७४"** उपर दफावार छलफल भै पारित गरियो र स्वीकृतको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

३. यस नगरपालिका क्षेत्र भित्रका निम्न सडकहरुको विस्तार तथा सुधारका लागि श्री काठमाण्डौं उपत्यका सडक विस्तार आयोजनालाई अनुरोध गर्ने निर्णय गरियो ।

(क) नेपाल भाषा एकेडेमी - मैत्रीनगर

(ख) नगाँउ भत्केपाटि - पुष्पलाल प्रतिष्ठान

(ग) चोभारगेट - भाजंगल - ईन्चुगाँउ

(घ) कीर्तिपुर अस्पताल - नयाँ बजार

(ङ) राराहिल - लनगोल - टौदह

(च) सागल -दिइखु - तिनथाना

(छ) सल्यानथान - बल्खु विष्णुदेवी स्थान

(ज) दहन - चारघरे - पाण्डेछाप

(झ) टौदह - नेपालटोल - चारघरे

(ञ) हिमाल सिमेन्ट -दहन (अजयमार्ग)

(ट) विश्वराष्ट्र मा.वि. - सल्यानथान

(ठ) गरुडस्थान - फनपार्क - जलबिनायक

**बैठक नं. २०**

**मितिः- २०७४/१०/२६**

**निर्णयहरुः-**

१. यस नगरपालिकाको कामकारवाहीहरुलाई थप व्यवस्थित र प्रभावकारी वनाउनका लागि संवन्धित समिति मार्फत तयार भै आएका निम्न कार्यविधि एवं निर्देशिकाहरू उपर छलफल भै स्वीकृत गर्ने निर्णय गरियो ।

निम्नः-

क) कीर्तिपुर नगरपालिका नगरसभालाई व्यवस्थित गर्न बनेको नगर सभा सञ्चालन (संशोधनसहित) कार्यविधि, २०७४

ख) कीर्तिपुर नगर कार्यपालिकाको वैठक संचालन (संशोधनसहित) कार्यविधि, २०७४

ग) कीर्तिपुर नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता (संशोधनसहित), २०७४

घ) कीर्तिपुर नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) (संशोधनसहित) नियमावली, २०७४

२. यस नगरपालिकाको काम कारवाहीहरुलाई थप व्यवस्थित र प्रभावकारी वनाउनका लागि संवन्धित समिति मार्फत तयार भै आएका निम्न विधेयकहरु उपर छलफल भै पारित गर्ने र स्वीकृतका लागी आगामि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

क) कीर्तिपुर नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन विधेयक, २०७४

ख) कीर्तिपुर नगरपालिका सहकारी विधेयक, २०७४

ग) कीर्तिपुर नगरपालिका शिक्षा विधेयक, २०७४ ।

घ) कीर्तिपुर नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४

बैठक नं. १९

मितिः- २०७४/१०/२४

**निर्णयहरु**

१. यस नगर कार्यपालिकाको बैठक यही २०७४ साल माघ २८ गते आईतवार अपरान्ह ३-०० बजे वडा नं. १० स्थित कीर्तिपुर हिलसाईट होटेल एण्ड रिसोर्टको सभाकक्षमा पूनः वस्ने निर्णय गरियो ।

बैठक नं. १८

२०७४/१०/२६

**निर्णयहरु**

२. विभिन्न समितिहरु मार्फत प्राप्त हुन आएका सूझाव तथा प्रतिवेदनहरु माथि छलफल गरी यसलाई निरन्तरता दिनका लागि साविककै स्थानमा यहि माघ २६ गते शुक्रवार अपरान्ह २ बजे पुनः बैठक वस्ने निर्णय गरियो ।

२०७४/१०/०२

<u>छलफलका विषयहरुः-</u>

४. दोस्रो नगर सभा तयारी सम्वन्धमा

५. विविध

<u>निर्णयहरु</u>

१. यस नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्यूलाई United Cities Local Governance (UCLG) को आयोजनामा मित्रराष्ट्र मलेसियाको राजधानी क्वालालम्पुरमा हुन गैरहेको अन्तरराष्ट्रिय सम्मेलनमा सहभागिताका लागि निमन्त्रणा प्राप्त भएको हुँदा उक्त सम्मेलनमा यस नगरपालिकाका तर्फवाट उहाँलाई सहभागिताका लागि मनोनयन गर्ने र उहाँलाई अफिसियल पासपोर्ट (राहदानी) उपलव्ध गराईदिन नेपाल सरकारको सम्वन्धित निकायलाई सिफारिस गर्ने निर्णय गरियो ।

२. यहि २०७४ माघ १० गते हुन गईरहेको यस नगरपालिकाको दोस्रो नगर सभामा नगर कार्यपालिकावाट प्रस्तावका रुपमा लैजानका लागि देहायका विषयवस्तुहरुमा अध्ययन, विश्लेषण गरी राय सुझाव सहित प्रतिवेदन पेश गर्न देहाय अनुसार कार्यदल गठन गर्ने निर्णय गरियो ।

(क) भवन, वाटो तथा वस्ति विकास मापदण्डले नसमेटिएका क्षेत्रहरुको अध्ययन कार्यदल

१. वडाध्यक्ष, वडा नं.६, श्री न्हुच्छे बहादुर महर्जन -संयोजक
२. वडाध्यक्ष, वडा नं.२, श्री रमेशमान डंगोल -सदस्य
३. वडाध्यक्ष, वडा नं.३, श्री राजेन्द्र महर्जन -सदस्य
४. नगर कार्यपालिका सदस्य, श्री संगिता श्रेष्ठ (उप्रेती) -सदस्य
५. ब.ई., श्री बालकृष्ण महर्जन -सदस्य सचिव

(ख) कर्मचारीहरुलाई दिईदै आएको सेवा, सुविधा र शर्तसम्वन्धि पुनराबलोकन कार्यदल

१. वडाध्यक्ष, वडा नं.४, श्री राजेन्द्र बाँनिया -संयोजक

२. वडाध्यक्ष, वडा नं.८, श्री बिनोद महर्जन -सदस्य

३. वडाध्यक्ष, वडा नं.१०, श्री अमन महर्जन -सदस्य

४. नगर कार्यपालिका सदस्य, श्री सुनिता नकर्मि -सदस्य

५. ब.ले.अ., श्री सानुबाबु परियार -सदस्य सचिव

(ग) भुकम्प पिडित नगरवासीहरुलाई न.पा. का तर्फवाट दिईदै आएको नक्सा पास दस्तुर छुट सुविधा प्रभावकारी बनाउन अध्ययन कार्यदल

१. वडाध्यक्ष, वडा नं.९, श्री गंगाराम महर्जन -संयोजक

२. वडाध्यक्ष, वडा नं.१, श्री हर्ष महर्जन -सदस्य

३. वडाध्यक्ष, वडा नं.७, श्री राजकुमार माली -सदस्य

४. नगर कार्यपालिका सदस्य, श्री सरस्वती परियार -सदस्य

५. ई., श्री कृष्णभोला महर्जन -सदस्य सचिव

(घ) नगरपालिकाद्वारा उपभोक्ता समितिमार्फत सञ्चालन हुने विभिन्न योजना तथा कार्यक्रमहरुमा उपभोक्ता समितिले योगदान गर्नु पर्ने लागत सहभागिता अध्ययन कार्यदल

१. नगर प्रमुख, श्री रमेश महर्जन -संयोजक

२. उप-प्रमुख, श्री सरस्वती खड्का -सदस्य

३. नगर कार्यपालिका सदस्य, श्री नन्ददेवी महर्जन -सदस्य

३. चा.लु. आ. व. २०७४/०७५ को वडास्तरिय योजना तथा कार्यक्रमहरुको हालसम्मको प्रगति विवरण आगामि दोस्रो नगर सभामा पेश गर्नका लागि २०७४ माघ ७ गते भित्र संपुर्ण वडा कार्यालयहरुले न.पा. कार्यपालिका कार्यालयमा उपलब्ध गराउने र नगर स्तरिय योजना तथा कार्यक्रमहरुको प्रगति विवरण समेत संकलन गरि प्रस्तुत गर्ने र सम्पन्न भै अन्तिम भुक्तानी भैसकेका योजना तथा कार्यक्रमहरु फरफारक गर्ने निर्णय गरियो ।

४. चालु आ.व. २०७४/०७५ को पुँजिगत तर्फ सवारी साधन खरिद शिर्षकमा विनियोजित बजेट मध्येवाट प्रत्येक वडाका लागि १/१ वटा मोटरसाईकल खरिद गर्नका लागि प्रति वडा रु. २,२०,०००/-(रु. दुई लाख वीस हजार मात्र) का दरले रकम सबै वडामा उपलब्ध गराउने र प्रचलित कानुन अनुसार खरिद कार्य सम्वन्धित वडाहरुले नै कार्यान्वयन गर्ने निर्णय गरियो ।

**बैठक नं. १७**

**मितिः- २०७४/०९/१४**

**छलफलका विषयहरुः-**

६. निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धमा

७. विविध

**निर्णयहरु**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (छ) १० बमोजिम सार्वजनिक निर्माण कार्य सम्वन्धी 'घ' वर्गका निर्माण व्यवसायीहरुलाई ईजाजत पत्र दिने, नविकरण गर्ने, र खारेजी गर्ने अधिकार नगरपालिकालाई प्राप्त भएको हुँदा उक्त कार्यको लागि शुल्क/दस्तुरको दररेट प्रथम नगर सभावाट पारित नभएको हुँदा स्थानीय राजश्व परामर्श समितिको सिफारिसका आधारमा देहाय बमोजिम कायम गर्ने र सो सम्वन्धी कार्यविधि तयार नभएसम्मका लागि निम्न ढाँचाका फाराम/कागजातहरु प्रयोगमा ल्याउने निर्णय गरियो ।

तपशिल

(क) ईजाजत पत्र दस्तुर/शुल्क -रु. १०,०००/-

(ख) नविकरण दस्तुर/शुल्क -रु. २,५००/-

(ग) फारम/कागजातहरुः-

(अ) निर्माण व्यवसाय ईजाजत पत्र

(आ) ईजाजत पत्र पाँउ भन्ने बारेको निवेदन

(इ) ईजाजत पत्र नविकरण गरिपाँउ भन्ने वारेको निवेदन

(ई) ईजाजत पत्रको लगत पुस्तिका

(उ) नविकरणको लगत पुस्तिका

२. उल्लेखित निर्णय न. १ बमोजिम 'घ' वर्गका निर्माण व्यवसायीहरुलाई ईजाजत पत्र प्रदान एवं खारेजी लगायतका कार्य गर्न देहाय अनुसार कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

(क) नगर प्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ग) योजना तथा प्राविधिक शाखा प्रमुख -सदस्य

(घ) स्थानीय निर्माण व्यवसायी संघको प्रतिनिधि -सदस्य

(ङ) राजश्व शाखा प्रमुख -सदस्य सचिव

३. यस नगर क्षेत्रमा रहेका होर्डिङ बोर्डहरुको विज्ञापन दस्तुर असुल गर्नका लागि यस नगरपालिका र जे.के. होर्डिङ एण्ड सप्लायर्स विच सम्पन्न सम्झौता बमोजिम स्थानीय राजश्व परामर्श समितिको सिफारिस बमोजिम चालु आ.व. २०७४/०७५ का लागि नविकरण गरि निरन्तरता दिने निर्णय गरियो।

४. यस नगरपालिकाको दोस्रो नगर सभा (हिउँदे अधिवेसन) यहि २०७४ साल माघ १० गते गर्ने निर्णय गरियो ।

५. यस नगर क्षेत्र भित्रका बस्ती विकास तथा बाटो सम्वन्धि मापदण्ड पुनरावलोकन गरि निर्धारण गर्न वडा समितिबाट १५ दिनभित्र नगरपालिकामा सिफारिस सहितको प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

६. चालु आ.व. २०७४/०७५ को अवण्डा शिर्षकमा रहेको वडा स्तरिय योजना तथा कार्यक्रमहरु यकिन गरि १५ दिन भित्र वडा समितिवाट छनौट गरि नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

७. यस नगरपालिकाको वडा न. ४ स्थित सल्यानस्थान क्षेत्रको Conceptual Land Development Scheme बारे जानकारी भयो ।

**बैठक नं. १६**

**मितिः- २०७४/०९/०४**

आज मिति २०७४ साल पुस ४ गते मंगलबार अपरान्ह २-०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगर कार्यपालकाको कार्यालय, देवढोकामा वसी देहाय बमोजिमको उपस्थिति भयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती खड्का | |
| ३ | सदस्य सचिव | श्री निरन्जन श्रेष्ठ | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बाँनीया | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |

**छलफलका विषयहरुः-**

८. जेष्ठ नागरिक औषधि वितरण सम्वन्धमा।

९. पुरानो जिन्सी सामान स्क्राब गर्ने सम्वन्धमा।

१०. विविध।

**निर्णयहरुः-**

१. २०६५ सालमा भक्तपुर नगरपालिकाको आयोजनामा सम्पन्न अन्तर नगर फुटबल प्रतियोगितामा यस नगरपालिकाको तर्फवाट सहभागी भै खेल्ने क्रममा लडेर खुट्टामा चोट लागी घाईते भएका यस कार्यालयमा स्थायी सेवामा कार्यरत खरिदार श्री दिपक महर्जन लाई सोहि कारणले हाल आएर शल्यकृया गरि हिप नै फेर्नु पर्ने व्यहोरा सहित उपचार सहयोग पाउन निज कर्मचारीले दिएको निवेदन एवं कागजात उपर छलफल गर्दा कार्यालयकै कामको सिलसिलामा चोटपटक लाग्न गई विरामी भएकोले निजलाई उपचार सहयोग स्वरुप यस कार्यालयको तर्फवाट रु ३,००,०००/- (तिन लाख) कर्मचारी कल्याण कोषवाट उपलब्ध गराउने निर्णय गरियो।

२. चालु आ.व. २०७४/०७५ को स्वीकृत बजेट, योजना तथा कार्यक्रममा मधुमेह तथा उच्च रक्तचाप भएका यस नगर क्षेत्रका ७० वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुलाई (यस पुर्व संकलित तथ्यांक बमोजिम) यहि २०७४ मंसिर महिना देखि असारसम्म औषधि खरिदको लागी प्रति व्यक्ति प्रतिमहिना रु. १५००/- (एक हजार पाँच सय मात्र) का दरले सम्वन्धित वडा कार्यालय मार्फत वितरण गर्ने निर्णय गरियो। साथै पहिलो चरण अन्तर्गत २०७४ मंसिर महिनामा यस नगरपालिकाको स्वास्थ्य समितिको सिफारिसमा जन स्वास्थ्य सरोकार ट्रस्ट, कीर्तिपुर अस्पताल मार्फत स्वास्थ्य परिक्षण सहित वितरण गरिएको औषधि समेतको भुक्तानी दिने निर्णय गरियो।

३. यस नगरपालिकाको स्थानीय विपद व्यवस्थापन तथा जलवायू उत्थानसिल समितिको विज्ञ सदस्य पदमा प्रा. डा. लालु प्रसाद पौडेललाई मनोनित गर्ने निर्णय गरियो।

४. यहि २०७४ मंसिर २१ गते सम्पन्न निर्वाचनमा प्रतिनिधि सभा सदस्य पदमा यस काठमाण्डौ जिल्ला निर्वाचन क्षेत्र न. १० बाट निर्वाचित मा. श्री राजेन्द्र कुमार के.सी. ज्यू तथा प्रदेश सभा (क) को सदस्य पदमा निर्वाचित मा. श्री पुकार ज्यू र प्रदेश सभा (ख) को सदस्य पदमा निर्वाचित मा. श्री रमा आले मगर ज्यूलाई हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरुको सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

५. यस नगरपालिकाको जिन्सी व्यवस्थापन गर्नका लागी आवश्यक छलफल गरियो।

बैठक न. १५

<u>मितिः- २०७४/०८/१०</u>

आज मिति २०७४ मंसिर १० गते आइतवार अपरान्ह ३:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्यूको अध्यक्षतामा, नगर कार्यपालिकाको बैंठक, नगर कार्यपालिकाको कार्यालय, देबढोकामा बस्दा देहाय बमोजिमको उपस्थिती भयो ।

| क्र.सं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उप-प्रमुख | श्री सरस्वती खड्का | |
| ३ | सदस्य सचिब | श्री निरन्जन श्रेष्ठ | |
| ४ | सदस्य, अध्यक्ष वडा नं १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा नं २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा नं ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा नं ४ | श्री राजेन्द्र बाँनिया | |
| ८ | सदस्य, अध्यक्ष वडा नं ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा नं ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा नं ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा नं ८ | श्री बिनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा नं ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा नं १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |

| | | | |
|---|---|---|---|
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनिता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित ब.ले.अ. | श्री सानुबाबु परियार | |

छलफलका बिषयहरु

१) स्थानीय सात गाउँले (न्हेगाँ)जात्रा सम्बन्धमा ।
२) बिबिध ।

निर्णय:-

(१) कीर्तिपुर नगरपालिका नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को अनुसूची-१ (नियम ६ को उपनियम (१) संग सम्बन्धित) को बुंदा नं. १४ बमोजिमको प्रस्ताव उपर छलफल हुँदा यस नगरक्षेत्रमा परम्परागत रुपमा मनाउँदै आएको सातगाउँले (न्हेगाँ) जात्रा अन्तर्गत कीर्तिपुरको इन्द्रायणी जात्रा यहि मिति २०७४ साल कार्तिक १५ गते सम्पन्न हुने भएकोले सो दिन स्थानीय सार्वजनिक बिदा दिने निर्णय गरियो ।

(२) यस नगरपालिकाको लागि आवश्यक खानेपानी ट्याङ्कर-१ (एक) थान खरिद गर्न माग गरिएको सिलबन्दी बोलपत्र आह्वानको सूचना बमोजिम तोकिएको म्याद भित्र पर्न आएका २ (दुई) वटा सिलबन्दी बोलपत्रहरु, बोलपत्र खुल्ला हुने मितिको मुचुल्का एवं मिति २०७४/७/१० गतेको नगरप्रमुख स्तरीय निर्णय अनुसार उक्त बोलपत्रमा प्राविधिक स्पेसिफिकेसन बमोजिम नगरको र क्वेरीमा लागत अनुमान भन्दा कम रकम कबुल भै आएको हुँदा सो बोलपत्रहरु रद्द गरि

पूर्व निर्धारित Specification No.2 को Inline Injection pumping system मा परिमार्जन गरी प्रतिस्पर्धात्मक प्रोत्साहन गर्नको लागि पुन: ईओआईको स्पेसिफिकेसन तयार गरी पुन: बोलपत्र आव्हान गर्ने निर्णय गरीयो।

③ यस नगरपालिकाको वडा नं ९ [illegible] प्रस्तावित वर्गीकृत श्री [illegible] पूर्व प्राथमिक कक्षा सञ्चालन अनुमति पाउन दिएको निवेदन उक्त वडा नगरपालिकाको [illegible] सिफारिस प्राप्त [illegible] आवश्यकता भएका बालबालिका पूर्व प्राथमिक कक्षा सञ्चालन गर्न अनुमति दिने निर्णय गरीयो।

बैठक न. १४

२०७४/०७/३० बिहिबार

आज मिति २०७४ साल कार्तिक ३० गते बिहिबार अपरान्ह २-०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगर कार्यपालकाको कार्यालय, देवढोकामा वसी देहाय बमोजिमको उपस्थिति भयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती खड्का | |
| ३ | सदस्य सचिव | श्री निरन्जन श्रेष्ठ | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बाँनीया | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |

छलफलका विषयहरुः-

१. शहरी स्वास्थ्य सेवा केन्द्र स्थापना/सञ्चालन सम्वन्धमा।
२. भौतिक पुर्वाधार तर्फको कन्टेन्जेन्सि रकम वाँडफाड सम्वन्धमा।
३. एकिकृत सम्पन्ति कर लागु गर्ने सम्वन्धमा।
४. विविध।

**निर्णयहरुः-**

१. प्रस्ताव न. १ उपर छलफल गरी हाल १० वटा वडाहरुमा रहेको यस नगरपालिकाको वडा न. ७, ८ र ९ मा स्वास्थ्य संस्थाहरु नभएको तथा वडा न ६ भौगोलिक दृष्टिले ठुलो भै विध्यमान एक हेल्थपोष्टले सवै नागरिकहरु समेट्न नसकेको अवस्थालाई मध्यनजर गरी चालु आ.व. २०७४/०७५ को स्वीकृत वार्षिक बजेट योजना तथा कार्यक्रमको स्वास्थ्य तर्फ सशर्त अनुदानको बजेट कोड न. ८०१२२७ कृयाकलाप न. ५.१.५.१ को स्थापना भएका र थप हुने शहरी स्वास्थ्य केन्द्र सञ्चालन शिर्षकमा विनियोजित रकम रु. ४,२५,०००/- को परिधिभित्र रहि हाललाई निम्न स्थानमा शहरी स्वास्थ्य सेवा केन्द्र स्थापना र सञ्चालन गर्ने निर्णय गरियो ।
   क) वडा न. ६ चोभार स्थित आदिनाथ मन्दिर परिसर
   ख) वडा न. ७ भाजंगल
   ग) वडा न. ९ नगाँउ
२. प्रस्ताव न. २ उपर छलफल गर्दा भौतिक पुर्वाधार र कार्यालय भवन शिर्षकमा विनियोजित बजेट रकमको २.५% कन्टेन्जेन्सी बापत रु. २०,००,०००/ (विस लाख) लाई देहाय बमोजिम वाँडफाड गर्ने निर्णय गरियो ।
   क) योजना अनुगमन सुपरिवेक्षण तथा फरफारक -५ लाख

ख) प्राविधिक कर्मचारी पारिश्रमिक/ फिल्ड भत्ता -४ लाख

ग) उपभोक्ता समिति अभिमुखिकरण -३ लाख

घ) सूचना प्रकाशन/सञ्चार/होडिङ बोर्ड -१ लाख

ङ) मेसिनरी औजार र उपकरण -४ लाख

च) विविध -३ लाख

३. प्रस्ताव न. ३ उपर बृहत छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५(१) बमोजिम आगामी २०७५ साल साउन १ गतेदेखी नगरपालिकाले आफ्नो क्षेत्रभित्र एकिकृत सम्पत्ति कर मात्र लगाउनु पर्ने कानुनी बाध्यता रहेकोले स्थानीय राजश्व परामर्श समितिलाई यस सम्वन्धी आवश्यक तयारी गर्ने जिम्मेवारी दिने निर्णय गरियो ।

४. निर्वाचित जनप्रतिनिधिहरुलाई दैनिक भ्रमण भत्ता प्रयोजनका लागी मर्यादाक्रम निर्धारण गर्ने सम्वन्धमा नगर प्रमुखज्यूलाई कानुनले तोकिए-बमोजिम प्रथम तह तथा उप-प्रमुखज्युलाई रा.प. द्धितिय श्रेणी सरह, वडाध्यक्ष् तथा कार्यपालिका सद्स्यहरुलाई रा.प. तृतिय श्रेणी सरह र अन्य नगर सभा सदस्यहरुलाई रा.प. अनं. प्रथम श्रेणी सरह तह निर्धारण गर्ने निर्णय गरियो ।

५. यस नगरपालिकाको नगर कार्यपालिका (कार्य बिभाजन) नियमावली, २०७४ (संसोधन सहित) नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ (संसोधन सहित) स्वीकृत गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकाको नगरसभावाट स्वीकृत चालु आ.व. २०७४/०७५ को बजेट योजना तथा कार्यक्रमको पुजिगत तर्फ जेष्ठ नागरिक सेवा केन्द्र स्थापना शिर्षकमा विनियोजित रकम रु. २०,००,०००/- सामाजिक विकास समितिको सिफारिस र नगर प्रमुखको निर्णयानुसार जेष्ठ नागरिक प्रवर्धनात्मक सहयोग कार्यक्रम शिर्षकमा संशोधन गर्ने निर्णय गरियो ।

७. यस नगरपालिकामा ई.वि.पि.एस. विज्ञका रुपमा करार सेवामा कार्यरत ई.सुरज ओझाको म्याद पुनः १ वर्षको लागी थप गर्ने निर्णय गरियो ।

८. यस नगरपालिकाको प्रथम नगर सभावाट स्वीकृत चालु आ.व. २०७४/०७५ को बजेटको चालु खर्च तर्फ जनप्रतिनिधिहरुको पारिश्रमिक शिर्षकमा बिनियोजियत रकम रु. ८०,००,०००/- को परिधिभित्र रही यस नगरपालिकाका जन प्रतिनिधिहरुलाई

देहाय बमोजिम मासिक पारिश्रमिक २०७४ साउन १ गतेदेखी नै लागु हुने गरी उपलव्ध गराउने निर्णय गरीयो । साथै नगर कार्यपालिका बैठक, वडा समिति बैठक तथा नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ (संसोधन सहित) ले तोकेका १३ वटा विषयगत समितिहरुको बैठक भत्ता नलिने निर्णय गरियो ।

क) नगर प्रमुख मासिक रु. ४०,०००/- का दरले १३ महिनाको रु. ५,२०,०००/-

ख) उप-प्रमुख मासिक रु. ३५,०००/- का दरले १३ महिनाको रु. ४,५५,०००/-

ग) १० जना वडाध्यक्ष मासिक रु. २२,०००/- का दरले १३ महिनाको रु. २८,६०,०००/-

घ) ८ जना कार्यपालिका सदस्य मासिक रु. ११,०००/- का दरले १३ महिनाको रु. ११,४४,०००/-

ङ) ३५ जना नगर सभा सदस्य मासिक रु. ५,०००/- का दरले १३ महिनाको रु. २२,७५,०००/-

९. वडा न. ८ को वडा कार्यालय भवन अत्यन्त जिर्ण भै कमकाज गर्न समेत अवरुद्ध भएकोले अर्को व्यवस्था नभएसम्मको लागी वडा न ८ पाँगा ढोकासी स्थित नवज्योति आधारभुत विध्यालयको भुई तल्लामा वडा कार्यालय सञ्चालन गर्ने र विध्यमान वडा कार्यालय भवनलाई भत्काउने पक्षले नै सो बाट आउने सर-सामान लैजाने गरी कार्यान्वयन गर्न नगर प्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो ।

१०. यस नगरपालिकाको स्थानीय विपद तथा जलवायू उत्थानशील समितिको सदस्यमा निम्न स्थानीय गै.स.स.हरु छनौट गर्ने र छनौट भएका संस्थाका प्रतिनिधिका हकमा संवन्धित संस्थाले तोकी पठाए बमोजिम हुने र विपद् व्यवस्थापन सेवाको विज्ञको रुपमा वडा न. ८ निवासी हर्षमान महर्जन र वडा न. ५ निवासी कविन्द्र कार्की(नेपाल रेडक्रस सोसाईटि, कीर्तिपुर उप-शाखा) लाई तोक्ने निर्णय गरियो ।

(क) कीर्तिपुर ईन्जिनियरिङ समाज

(ख) ओनस नेपाल

(ग) सि.डि.एस. नेपाल

११. यस नगरपालिकाको भाषा, सम्पदा, संस्कृति ललितकला एवं पर्यटन समितिको बैठकको सिफारिस समेतको आधारमा परम्परागत रुपमा मनाउदै आएको सातगाउँले(न्हेगां) जात्रा यस वर्ष २०७४ मंसिर महिनामा मनाउनका लागी देहाय अनुसारका क्षेत्रमा पर्व, पुजाआजा, जात्रा, बाजागाजा संरक्षणका लागि यस

नगरपालिकाबाट निम्नानुसार अनुदान सहयोग उपलब्ध गराउने निर्णय गरियो ।साथै ज्यापु दिवसका अवसरमा ज्यापु समाजद्वारा २०७४ मंसिर २२ गते आयोजना गर्ने साईकल र्‍यालीका सहभागिहरुलाई यस नगरपालिकाका तर्फबाट खाजा, खाना सहित स्वागत गर्ने र बिल बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

क) कीर्तिपुर क्षेत्र -रु. ८०,०००/-

ख) पांगा क्षेत्र (५ र ८) -रु. ४०,०००/-

ग) नगाँउ क्षेत्र -रु. २०,०००/-

घ) गाम्चा क्षेत्र -रु. १०,०००/-

ङ) भाजंगल/ईटागोल क्षेत्र -रु. २०,०००/

च) लनगोल र क्वार क्षेत्र -रु. १५,०००/-

छ) देउलाहरुको बाजा गाजा मर्मत -रु. १०,०००/-

ज) खल गुठी -रु. १०,०००/-

बैठक न. १३

मितिः- २०७४/०७/१७ शुक्रबार

आज मिति २०७४ साल कार्तिक १७ गते शुक्रबार अपरान्ह २-०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगर कार्यपालकाको कार्यालय, देवढोकामा वसी देहाय बमोजिमको उपस्थिति भयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती खड्का | |
| ३ | सदस्य सचिव | श्री निरन्जन श्रेष्ठ | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बाँनीया | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |

**प्रस्तावित विषयहरुः-**

१. घर नम्वर सम्बन्धमा
२. नगर सभामा निर्णय नभएका राजश्वको वाँडफाड सम्वन्धमा।
३. नगर प्रमुखको चीन भ्रमण सम्वन्धमा।
४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्वन्धमा।
५. वडामा सञ्चालित योजनाहरुको प्रथम चौमासिक प्रगति सम्वन्धमा।
६. विविधः- खेलकुद, जात्रा/पर्व, जेष्ठ नागरिक, नियमावली संशोधन सम्वन्धमा।

**निर्णयहरुः-**

१. यस नगर क्षेत्रलाई व्यवस्थित शहरका रुपमा विकास गर्नका लागी नगरपालिकाले यस पुर्व गरेको घरधुरी सर्वेक्षण प्रतिवेदनका आधारमा मेट्रिक प्रणालीमा घर नम्बर वितरण गर्नका लागी आवश्यक व्यवस्था गर्नका लागी नगर प्रमुखज्युलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम उप-प्रमुखको संयोजकत्वमा गठन हुने स्थानीय राजश्व परामर्श समितिको सदस्यमा महिला तर्फ सदस्य श्री सुमन पोखरेल र वडाध्यक्ष श्री राजेन्द्र बानीयालाई तोक्ने निर्णय गरियो।
३. यस नगरपालिकाको प्रथम नगर सभाबाट पारित आर्थिक ऐन, २०७४ ले तोकेदेखि बाहेकका राजश्वका क्षेत्रहरुको पहिचान गरी वडा कार्यालय र केन्द्रविच राजश्व वाडफाँडको मापदण्ड तयार गरी नगर कार्यपालिकामा सिफारिस गर्न स्थानीय राजश्व परामर्श समितिलाई जिम्मा दिने निर्णय गरियो।
४. देहाय अनुसार पदाधिकारीहरु सम्मिलित विधेयक समिति गठन गर्ने निर्णय गरियो।
   क) उप-प्रमुख श्री सरस्वती खड्का - संयोजक
   ख) न.का.स. श्री संगिता श्रेष्ठ ( उप्रेती ) -सदस्य
   ग) न.का.स. श्री सानु मिजार -सदस्य
   घ) कानुनी सल्लाहकार(विज्ञ) -सदस्य
   ङ) सामान्य प्रशासन शाखा प्रमुख -सदस्य सचिव
५. छिमेकी मित्रराष्ट्र चीनस्थित United Cities and Local Governments Asia Pacific (UCLG ASPAC) संस्थाले यहि सन् २०१७ नोभेम्बर ८ देखि १० सम्म चिनको Fuzhou मा "**Marine Economy and Urban Development"** वियषक Regional Symposium का लागि यस नगरपालिकाका प्रमुख श्री रमेश महर्जनलाई निमन्त्रणा प्राप्त भएकोमा यस नगरपालिकाको तर्फबाट उहाँलाई उक्त अन्तर्राष्ट्रिय स्तरको कार्यक्रममा सहभागी गराउने साथै नियमानुसार बैदेशिक भ्रमण सुविधा उपलब्ध गराई भ्रमण सफलताको लागि शुभकामना दिने निर्णय गरियो।

६. नगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय पदाधिकारी सम्मिलित समिति गठन गर्ने निर्णय गरियो ।

क) उप-प्रमुख श्री सरस्वती खड्का -संयोजक

ख) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

ग) योजना तथा प्राविधिक शाखा प्रमुख -सदस्य सचिव

साथै आवश्यकता अनुसार नगर सभाका पदाधिकारीहरु एवं विज्ञलाई यस समितिमा आमन्त्रण गर्न सकिनेछ ।

७. नगरपालिकामा सञ्चालित योजना तथा कार्यक्रमहरुको फरफारक गर्न देहायको पदाधिकारी सम्मिलित समिति गठन गरी फरफारक गर्ने अधिकार उक्त समितिलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

क) नगर प्रमुख श्री रमेश महर्जन -संयोजक

ख) नगर उप-प्रमुख श्री सरस्वती खड्का -सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत -सदस्य सचिव

८. सामाजिक विकास अन्तर्गत जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना शिर्षकमा विनियोजित रु. २०,००,००० (अक्षरुपी विस लाख) लाई प्रति वडा रु दुई लाखका दरले वडा कार्यालयहरुलाई रकम उपलव्ध गराई वडा समिति मार्फत कार्यक्रम बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

९. यस नगर क्षेत्रमा सञ्चालित निम्न खेलकुद प्रतियोगिताहरुका लागि विषयगत समितिको सिफारिस समेतका आधारमा खेलकुद प्रतियोगिता सम्पन्न भई प्रगति विवरण प्राप्त भएपछि नगर खेलकुद विकास समिति मार्फत विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन शिर्षकबाट देहाय अनुसार अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो ।

- कीर्तिपुर बुद्धिचाल संघ र पासा पूचः क्लब द्धारा आयोजित काठमाडौ जिल्ला निर्वाचन क्षेत्र न. १० स्तरिय बुद्धिचाल प्रतियोगिता - रु १०,०००/-
- Panga Revolution Group द्धारा आयोजित PR Open Futsal Tournament 2074 -रु. १५,०००/-
- कीर्तिपुर नगरपालिका र कीर्तिपुर बास्केटबल एकेडेमीको संयुक्त आयोजनामा सञ्चालित नगरपालिका वडास्तरिय पुरुष तथा महिला बास्केटबल प्रतियोगिता - रु. ८०,०००/-

१०.प्रथम नगर सभाबाट खेलकुद प्रवर्द्धन कार्यक्रम तथा सास्कृतिक वाजा गाजा , जात्रा-पर्व, पुजा तथा गुठि सञ्चालन अक्षयकोष स्थापना शिर्षकमा विनियोजित बजेटको परिधिभित्र रहने गरी मागमा आधारित कार्यक्रमको आवश्यकता र औचित्य हेरी रु. २०,०००/- रुपैया सम्मको आर्थिक अनुदान सहयोग स्वीकृत गर्न नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

११. नक्सा, भवन नियमन तथा भूमि व्यवस्थापन समितिको मिति २०७४/०६/२६ को निर्णय प्रतिलिपि बैठकमा पेश भै छलफल भयो ।